मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १७७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार २८ गते आइतबार ❑ 12 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## 'गण्डकी प्रदेशमा पूर्वाधार विकासका कामले गति लिएको छ'

**पोखरापत्र संवाददाता**
गोरखा, २७ असार

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेशभित्र पूर्वाधार विकासका कामले गति लिएको बताउनुभएको छ।

गोरखाको शहीद लखन गाउँपालिका-१ र गोरखा नगरपालिका-१२ जोड्ने लुदीखोला मोटरवेल पुलको शनिबार यहाँ उद्घाटन गर्दै उहाँले निर्धारित समयमा विकास निर्माणका आयोजना सम्पन्न हुनु सुशासनको पहिलो जग भएको बताउनुभयो। गोरखाको रणनीतिक ग्रामीण सडकखण्डको रूपमा रहेको स्याउली बजार-भट्ट फाँट-मनकामना सडकखण्डमा नवनिर्मित मोटरेवल पुल निर्माण सुरु भएको आठ महिनाभित्रै काम सक्नुले पनि सकारात्मक सन्देश दिएको मुख्यमन्त्री पाण्डेको भनाइ छ। "विकास निर्माणका आयोजनाहरू वर्षौं अलपत्र पर्ने परिपाटीका बीच निर्धारित समय अघि काम सम्पन्न हुनु निर्माण व्यवसायी, पूर्वाधार विकास कार्यालय, प्राविधिक टोली तथा सबै पक्षको प्रतिबद्धता, समन्वय र कार्यक्षमताको उत्कृष्ट उदाहरण हो", उहाँले भन्नुभयो, "वर्तमान प्रदेश सरकारको सुशासन र विकासप्रतिको प्रतिबद्धता पनि यहीँ हो।"

पूर्वाधार विकास कार्यालय गोरखासँग विसं २०८२ असारमा पुल निर्माणको ठेक्का सम्झौता भएर असोजदेखि काम सुरु भएको थियो। कार्यालयले पुल निर्माणका लागि गणेशकुण्ड इन्फ्रास्ट्रक्चर एण्ड विल्डर्स प्रालिसँग रु सात करोड ५१ लाख ३० हजार ८५९ मा पुल निर्माणका लागि ठेक्का सम्झौता गरेको थियो। नवनिर्मित पुल कुल ६० मिटर लम्बाइको छ। ठेकेदार कम्पनीले निर्माण अवधि सकिनुभन्दा १२ महिना अघि सम्पन गरेको हो। पुल निर्माण सम्पन्न भएसँगै गोरखा नगरपालिका र शहीद लखन गाउँपालिकाका बासिन्दालाई आवतजावतमा सहज भएको छ। पुल नहुँदामा हिउँदमा मात्र जसोतसो गाडी चल्ने उक्त सडकखण्डमा अब बाह्रै महिना निर्वाधरूपमा सवारी साधन सञ्चालन हुने अवस्था बनेको स्थानीयबासीको भनाइ छ।

## नेपाल परिवार नियोजन सघं कास्की शाखा सभापतिमा पुन: नविन सिग्देल

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असार



बाल्यकालदेखि नै विभिन्न संघ-संस्थामा आबद्ध भई टोल-टोलमा जनचेतना फैलाउने अभियानदेखि हरेक शुभकार्यमा अग्रपङ्क्तिमा सहभागी हुँदै सामाजिक सेवाको यात्रालाई निरन्तरता दिएका नवीन सिग्देलले आफ्नो समर्पण, नेतृत्व र सक्रियताबाट छुट्टै पहिचान बनाउन सफल भएका छन्।

नेपाल परिवार नियोजन संघ, कास्की शाखामा वि.सं. २०५९ सालमा साथी शिक्षक समूहको सदस्यका रूपमा प्रवेश गरेका सिग्देलले युवा संयोजक, शाखा सदस्य, उपसभापति हुँदै सभापतिको जिम्मेवारीसम्मको यात्रा तय गरेका हुन्।

उनकै नेतृत्वकालमा प्रदेश सरकारको सहयोगमा नेपाल परिवार नियोजन संघ, कास्की शाखामा पहिलोपटक भिडियो एक्स-रे सेवा सञ्चालनमा ल्याउन सफल भई संस्थाको सेवा विस्तारमा महत्वपूर्ण योगदान पुगेको थियो। त्यसैगरी, स्थानीय तथा प्रदेश सरकारसँग प्रभावकारी सहकार्यको थालनी गर्दै संस्थागत सम्बन्धलाई अझ सुदृढ बनाउन उनले उल्लेखनीय भूमिका निर्वाह गरेका थिए। संस्थाको आफ्नै आयस्रोत नभएको अवस्थामा पनि किशोर-किशोरी तथा युवाहरूका लागि यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सचेतना अभियान सञ्चालन गरी समाजमा सकारात्मक परिवर्तन ल्याउन उनले महत्वपूर्ण योगदान पुऱ्याएका छन्। उनै सिग्देल नेपाल परिवार नियोजन संघको शनिबार सम्पन्न ४५ औं वार्षिक शाखा सभाले पुनः नविन सिग्देललाई सभापतिमा सर्वसम्मत निर्वाचित गरेको छ। समितिको कोषाध्यक्षमा विष्णु प्रसाद दाहाल 'आभाष', महिला सदस्यमा डा.लक्ष्मी पौडेल र विशेष सदस्यमा कमल कार्की सर्वसम्मत निर्वाचित भएको निर्वाचन अधिकृत प्रकाशचन्द्र त्रिपाठीले जानकारी दिए। सभाको उद्घाटन गर्दै प्रमुख अतिथिका पोखरा महानगरपालिका वडा नं. १२ का वडा अध्यक्ष सन्तोष बास्तोलाले परिवार नियोजन, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवाको विस्तारमा नेपाल परिवार नियोजन संघले पुर्याउँदै आएको योगदान प्रशंसनीय रहेको बताए।

उनले समुदायस्तरमा गुणस्तरीय स्वास्थ्य सेवा, जनचेतना अभिवृद्धि तथा युवामैत्री स्वास्थ्य सेवाको पहुँच विस्तारमा स्थानीय सरकार र संघबीच सहकार्यलाई अझ प्रभावकारी बनाएर अघि बढ्ने बताए। कार्यक्रममा नेपाल परिवार नियोजन संघका पूर्व केन्द्रीय महासचिव अर्जुन सिग्देल, पूर्व केन्द्रीय सदस्य किशोरदत्त बराल, आजिवन सदस्य चन्द्रकृष्ण कर्मचार्य, सम्झना थापा, शंकर ज्ञावलीले शाखाले गरेका कार्यहरु उत्कृष्ट रहेको बताउँदै आगामि दिनमा शाखाको सेवा विस्तार, संस्थागत सुदृढीकरण तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रमलाई थप प्रभावकारी बनाउन सुझाव दिएका थिए।

नवनिर्वाचित सभापति सिग्देलले आफूलाई विश्वास गरी जिम्मेवारी प्रदान गर्ने सम्पूर्ण सदस्यप्रति आभार व्यक्त गर्दै शाखाको सेवा प्रवाहलाई अझ प्रभावकारी, पारदर्शी र जनमुखी बनाउने प्रतिबद्धता जनाए। उनले परिवार नियोजन, प्रजनन स्वास्थ्य तथा लैङ्गीक समानताका क्षेत्रमा समुदायसँग समन्वय गर्दै प्रभावकारी कार्यक्रम सञ्चालन गरी शाखालाई जिवन्त राख्ने वचन व्यक्त गरे। कार्यक्रममा शाखाका पदाधिकारी, आजीवन सदस्य, विभिन्न संघ-संस्थाका प्रतिनिधि, स्वास्थ्यकर्मी,

बाँकी अन्तिम पृष्ठमा ▶▶

## मानवसेवा आश्रमलाई 'श्रीपति समाज सेवा पुरस्कार-२०८३' प्रदान गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असार



श्रीपति कोइराला गुठीले यस वर्षको 'श्रीपति समाज सेवा पुरस्कार-२०८३' मानवसेवा आश्रम नेपाललाई प्रदान गर्ने भएको छ।

पोखरामा शनिबार आयोजित पुरस्कार घोषणा कार्यक्रममा गुठीका अध्यक्ष तथा वरिष्ठ अधिवक्ता फणीन्द्रराज कोइरालाले मानवसेवा आश्रमले पुऱ्याएको विशिष्ट योगदानको कदर गर्दै उक्त पुरस्कार प्रदान गर्ने निर्णय गरिएको जानकारी दिनुभयो। पुरस्कार स्वरूप नगद २ लाख २२ हजार २ सय २२, समाज सेवा पदक तथा सम्मानपत्र प्रदान गरिने भएको उहाँले जनाउनु भयो। खुला आकाशमुनि सडकपेटी तथा सार्वजनिक स्थलमा कष्टपूर्ण जीवन बिताउन बाध्य सहयोगापेक्षी, बेसहारा, असहाय, अशक्त, अभिभावकविहीन तथा शारीरिक-मानसिक रूपमा कमजोर व्यक्तिहरूको उद्धार, उपचार, संरक्षण, पालनपोषण र पारिवारिक पुनर्मिलनमा मानवसेवा आश्रमले पुऱ्याएको योगदानको कदर गर्दै उक्त पुरस्कार प्रदान गर्न लागिएको अध्यक्ष कोइरालाले जनाउनु भयो। पुरस्कार आगामी गुठीको साधारणसभाको विशेष समारोहमा हस्तान्तरण गरिने कार्यक्रम रहेको छ। अध्यक्ष कोइरालाले करिब २१९ वर्षअघि पोखराको गैह्रापाटनमा जन्मिएका समाजसेवी श्रीपति कोइरालाले ज्योतिष, धर्मशास्त्र, तन्त्रविद्या तथा आयुर्वेदको अध्ययन गरी सरकारी सेवासँगै धार्मिक, सामाजिक तथा मानवकल्याणका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको स्मरण गर्नुभयो। उहाँले पोखरा र पर्वतमा मन्दिर, पाटी-पौवा, चौतारा तथा साधुसन्त र बटुवाका लागि विभिन्न संरचना निर्माण गरी समाजसेवाको उदाहरण प्रस्तुत गरेको उल्लेख गर्नुभयो।

श्रीपति कोइरालाले स्थापना गरेको समाजसेवाको परम्परालाई निरन्तरता दिने उद्देश्यले गुठीले विभिन्न पुरस्कार, छात्रवृत्ति तथा आर्थिक सहयोगका कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभयो। सोही अभियानअन्तर्गत श्रीपति कोइरालाको २१९औं जन्मजयन्तीको अवसरमा 'श्रीपति समाज सेवा पुरस्कार-२०८३' घोषणा गरिएको उहाँले जानकारी दिनुभयो।

गुठीले राष्ट्रिय स्तरको उक्त पुरस्कार पहिलोपटक वि.सं. २०७९ मा माइती नेपाललाई प्रदान गरेको थियो। त्यसपछि राष्ट्रिय आविष्कार केन्द्र, पद्म भुवनेश्वरी नमुना सेवाश्रम (सर्लाही), बिन्दवासिनी धार्मिक क्षेत्र विकास समिति (पोखरा) तथा तिलगंगा आँखा प्रतिष्ठानका निर्देशक डा. सन्दुक रुइतलाई सम्मान गरिसकेको छ। पुरस्कार छनौट समितिका सदस्य डा.दील बहादुर क्षेत्रीले उक्त गुठीले सो पालिखेचोक क्षेत्रमा पार्टी, पौवा, चौतारो बनाउन सुझाव दिनुभयो।

पुरस्कार घोषणा कार्यक्रममा कोइराला सेवा समाजका केन्द्रीय अध्यक्ष कृष्ण मुरारी कोइराला, कोइराला सेवा समाज, महर्षि मुद्‌गल प्रतिष्ठान, श्रीपति कोइराला गुठीका पदाधिकारी, विभिन्न प्रदेशका प्रतिनिधि तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको सचिव नवराज कोइरालाले बताउनु भयो।

## राष्ट्रिय उपभोक्ता मञ्च गण्डकीको अध्यक्षमा कपिलनाथ

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असार



राष्ट्रिय उपभोक्ता मञ्च गण्डकी प्रदेशको अध्यक्षमा कपिलनाथ कोइराला निर्वाचित भएका छन्। शनिबार पोखरामा भएको मञ्चको तेस्रो वार्षिक साधारण सभा तथा प्रथम अधिवेशनले कोइरालालाई सर्वसम्मत अध्यक्षमा निर्वाचित गरेको हो।


संस्थाको सदस्यहरुमा रमेश पौडेल, गीता आचार्य, हरि खनाल, मीना रानाभाट गीता लामिछाने, मिलन तिवारी र राजु अधिकारी निर्वाचित भएका छन्। संस्थाको विधान अनुसार अधिवेशनवाट १ जना अध्यक्ष र ७ जना सदस्यहरु निर्वाचित भएका हुन्। मञ्चको प्रदेश समितिमा १५ सदस्यीय कार्यसमिति रहने व्यवस्था छ। बाँकी ७ सदस्य अध्यक्षले मनोनित गर्ने प्रावधान छ। अधिवेशनमा निर्वाचन समितिका संयोजक अधिवक्ता विरेन्द्र केसीले संस्थाका निर्वाचित अध्यक्ष र सदस्यहरुको नाम घोषणा गरेका थिए। निर्वाचन समितिको सदस्यमा मुना बाँस्तोला र महेन्द्र अधिकारी रहेका थिए।

संस्थाको विधान बमोजिम निर्वाचित अध्यक्ष कोइरालाले सुनिल उलक र बेबी श्रेष्ठ गोंगजूलाई सदस्य पदमा मनोनित गरेका छन्। बाँकी ५ जना सदस्य पछि मनोनित गरिने मञ्चका अध्यक्ष कोइरालाले जानकारी दिए।

प्रथम अधिवेशन सम्पन्न पश्चात शनिवार नै बसेको पहिलो बैठकमा संस्थाका पदाधिकारी पनि चयन भएका छन्। मञ्चको विधानको दफा १३ को उपदफा १ अनुसार अध्यक्षले कार्यसमितिका पदाधिकारीहरु चयन गरेका हुन्। जस अनुसार कार्यसमितिको उपाध्यक्षहरुमा रमेश पौडेल र राजु अधिकारी, सचिवमा गीता आचार्य, सहसचिवमा हरि खनाल र कोषाध्यक्षमा मीना रानाभाट चयन भएका छन्। कार्यसमितिको कार्यकाल ३ वर्षको हुनेछ। यस अघि आयोजित मञ्चको वार्षिक साधारण सभा तथा अधिवेशन कार्यक्रमको उद्घाटन संस्थाका केन्द्रीय अध्यक्ष प्रेमलाल मर्हजन र गण्डकी प्रदेश तदर्थ समितिका अध्यक्ष कपिलनाथ कोइरालाले संयुक्त रुपमा गरेका थिए। सोही अवसरमा बोल्दै मञ्चका केन्द्रीय अध्यक्ष महर्जनले राज्य र समाजलाई ठीक ठाँउमा ल्याउनका लागि उपभोक्ता अधिकारकर्मी सजग हुनु पर्ने बताए। उनका अनुसार मञ्चले उपभोक्ताको मात्र हित नहेरी व्यवसायीहरुको पनि हित हेर्छ भन्ने विश्वास जगाउन सकेको धारणा राखेका थिए।

कार्यक्रममा मञ्चको गण्डकी प्रदेश अध्यक्ष कपिलनाथ कोइरालाले सामाजिक उत्तरदायित्वको भावना अनुसार निरन्तर उपभोक्ता अधिकारको क्षेत्रमा क्रियाशील

बाँकी अन्तिम पृष्ठमा ▶▶



# बिन्दा पाण्डेका पुस्तकमाथि पोखरामा परिचर्चा

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असार




लेखक तथा अभियान्ता डा विन्दा पाण्डेका पुस्तकहरुका बारेमा पोखरामा शनिबार परिचर्चा गरिएको छ।

ऱ्यान्डम रिडर्स सोसाइटीले आयोजना गरेको कार्यक्रममा पाण्डेका विभिन्न कृति र नेपाली राजनीतिमा महिलाको योगदानबारे बहस भएको हो । कार्यक्रममा विशेष गरी भुइँमान्छेको श्रम र पसिनाबाट निर्मित राजनीतिमा उनीहरुको उपेक्षा भएको विषयले प्राथमिकता पायो।

परिचर्चामा बोल्दै पाण्डेले महिलालाई आधा आकाशको सपना देखाएर अधिकारबाट बञ्चित गरिएको बताइन् । अब लालपूर्जासहितको धर्तीमा महिलाको हिस्सेदारी खोज्नुपर्ने उनको तर्क थियो । ' आधा आकाश आधा धर्ती भनिए पनि लालपूर्जा नहुने आकाश देखाएर हामीलाई अल्भ्फाइयो,' उनले भनिन् । उनले २०३० सालदेखि विद्यार्थी आन्दोलनमा लागेको अनुभव सुनाउँदै २०४७ सालको संविधान लेखनमा भएका कमजोरी औंल्याइन् । महिलालाई सम्पत्तिमा अधिकार दिए समाज भाँडिन्छ भन्ने सोचले हिजो समस्या पारेको उनले उल्लेख गरिन् । कार्यक्रममा स्ट्रगल रानाले 'नेपाली राजनीतिमा महिला भुइँमान्छेदेखि भूमिगतसम्म' शीर्षकमा अवधारणा पत्र प्रस्तुत गरे । रानाले पाण्डेको पुस्तक ' आश्रय, सुरक्षा र सम्पर्कका सारथी भुइँमान्छे' ले ओफ्केलमा परेका पात्रको कथा बोलेको बताए। उनले २०२८ सालको झापा विद्रोह र त्यसपछिका संघर्षमा आम नागरिकको त्यागबारे चर्चा गरे । पाण्डेले भूमिगत कालमा नेतालाई आश्रय दिने बालकुमारी दराई र विष्णुमाया सुवेदी जस्ता पात्रको स्मरण गरिन् । उनले दरबारमा सरसफाइ गर्ने महिलाले आरु बेचेर नेतालाई दूध हालेको चिया खुवाएको प्रेरक प्रसंग पनि सुनाइन् । हिजोका क्रान्तिकारी नेताहरु आज दलाल पूँजीवादमा फसेको उनको आरोप थियो । 'यो पार्टी भुइँमान्छेले बनाएका हुन्, तर आज नेताहरु म्यारियट होटलको बाफ निलेर वार्ता गर्छन्,' उनले भनिन् ।

भूमिगत कालमा नेता लुक्दा दिसापिसाब कोपरामा जम्मा गरेर व्यवस्थापन गर्ने भुइँमान्छेको त्यागको कदर नभएकोमा उनले असन्तुष्टि जनाइन् । अवधारणा पत्रमा झापा विद्रोहका क्रममा विष्णुप्रसाद विमली, ईश्वरी चुँडाल र धर्मप्रसाद ढकाल जमिन्दार मारिएको इतिहास समेटिएको छ। विरेन राजवंशी, रामनाथ दाहाल, नेत्र घिमिरे, कृष्ण कुईंकेल र नारायण श्रेष्ठलाई जेल सार्ने निहुँमा मारिएको सन्दर्भ पनि त्यहाँ छ । २०३२ सालमा सिपी मैनालीको नेतृत्वमा कोके र २०३५ सालमा माले गठन भएको इतिहासबारे चर्चा भयो । कलाकार शम्भुले राम्रो लुगा लगाउँदा स्पष्टीकरण सोध्ने तर आफ्ना नेता विलासी हुँदा मौन बस्ने प्रवृत्तिमाथि रानाले प्रश्न गरे। कार्यक्रममा पुस्तकमाथि विभिन्न व्यक्तित्वले टिप्पणी गरेका थिए । टिप्पणी गर्नेहरुमा ढाकामोहन बराल, हसिना बस्नेत, धीरज परियार र गीता तिवारी थिए। यस्तै विष्णुप्रसाद बास्तोला, कृष्ण केसी र समीप बैरागीले पनि आ-आफ्नो धारणा राखे। लोचना अधिकारी, मोहनहरि पौडेल, माधव बास्तोला र मीरा ढकालले पनि बहसमा भाग लिएका थिए। पाण्डेले आफ्नो पीएचडीको शोधग्रन्थ र संसदीय अनुभवलाई पनि पुस्तकका रुपमा ल्याएको जानकारी दिइन् ।

सोसाइटीका अध्यक्ष दीपक पराजुलीको सभापतित्वमा कार्यक्रम भएको थियो । सचिव ध्रुव केसीले कार्यक्रम सञ्चालन गरेका थिए । सोसाइटीले हरेक महिनाको अन्तिम शनिबार यस्ता बौद्धिक बहस सञ्चालन गर्दै आएको छ । कार्यक्रममा पोखराका प्राज्ञिक, राजनीतिक तथा सामाजिक क्षेत्रका व्यक्तित्वहरुको बाक्लो उपस्थिति थियो । इतिहासमा नसमेटिएका पात्रहरुलाई प्रकाशमा ल्याउने पाण्डेको प्रयासको सहभागीहरुले प्रशंसा गरे ।

# स्वर्डफिसले गण्डकीमा भित्र्यायो ज्वेलरी म्यानेजमेन्ट सफ्टवेयर 'दीपअर्थ'

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असार



स्वर्डफिस टेक्नोलोजीले ज्वेलरी (गहना) क्षेत्रकै पहिलो म्यानेजमेन्ट सफ्टवेयर 'दीपअर्थ' गण्डकी प्रदेशमा भित्र्याउँदै आजबाट औपचारिक शुभारम्भ गरेको छ।

परम्परागत रूपमा सञ्चालन भइरहेका गहना व्यवसायलाई आधुनिक एवं डिजिटल प्रणालीतर्फ उन्मुख गराउने लक्ष्यका साथ यो सफ्टवेयर औपचारिक रूपमा बजारमा ल्याइएको हो। स्वर्डफिस टेक्नोलोजीका प्रबन्ध निर्देशक किसान सुनारका अनुसार यो आन्तरिक राजस्व कार्यालयबाट मान्यता प्राप्त सफ्टवेयर हो । यसअघि काठमाडौंमा मात्रै करिब २ सयभन्दा बढी व्यावसायिक कम्पनीहरूले यसको सफल प्रयोग गरिसकेका छन्। आजबाट गण्डकीमा भित्रिएको यस सफ्टवेयर परिवर्तित समयानुसार अनुकुल रहेको नेपाल सुनचाँदी व्यवसायी महासंघका सचिव निर्मल दियालीले बताए । उनले सकेसम्म हरेक व्यवसायीले यस्ता प्रकारका सफ्टवेयरको प्रयोग गर्नुपर्ने आवश्यकता रहेको उल्लेख गरे । यस्तै नेपाल सुनचाँदी व्यवसायी महासंघ गण्डकी प्रदेशका अध्यक्ष चन्द्र किशोर गौतमले समयको बचतसँगै प्रविधिमैत्री बन्न दीपअर्थको आवश्यकता रहेको बताए । कार्यक्रममा दीपअर्थका सीइओ देवराज घिमिरेले सफ्टवेयरमा ज्वेलरी व्यवसायका लागि आवश्यक पर्ने सम्पूर्ण डिजिटल सुविधाहरू उपलब्ध रहेको बताए । उनका अनुसार सो सफ्टवेयरभित्र व्यवसायको लेखा सम्बन्धी सबै रिपोर्टहरू सहजै तयार पार्न सकिन्छ भने ग्राहकको अर्डर व्यवस्थापन र खरिद-बिक्रीको विवरण राख्न मिल्ने सुविधा उपलब्ध छ । यस्तै दीपअर्थका म्यानेजर रोशन कडरियाले सफ्टवेयरको प्राविधिक पक्ष, उपयोगिता र यसका सुविधाहरूबारे विस्तृत जानकारी दिए । कडरियाका अनुसार गहना व्यवसायको सहजताका लागि यसमा तौल मापन गर्दा ग्राम र तोला दुवै एकाइमा राख्न मिल्ने विशेष व्यवस्था समावेश गरिएको छ । यसैगरी व्यवसायीले बारकोडको प्रयोग गरी सामानको स्टक र इन्भेन्ट्री चुस्त राख्न सक्नेछन् भने छिटो र छरितो भुक्तानीका लागि बारकोड बिलिङको व्यवस्थासमेत यसमा समावेश गरिएको छ।

यो सफ्टवेयर प्रयोग गर्न चाहने व्यवसायीका लागि हरेक वर्ष ३० हजार रुपैयाँदेखि ९० हजार रुपैयाँसम्मको विभिन्न प्याकेजहरूको व्यवस्था गरिएको गण्डकी प्रदेशका प्रतिनिधि अपिल विश्वकर्माले जानकारी दिए । उनका अनुसार वार्षिक प्याकेजबाहेक हरेक वर्ष नवीकरण शुल्क भने अतिरिक्त लाग्नेछ । व्यवसायको महत्वपूर्ण डाटा विवरण सुरक्षित रहने र यसले गोपनीयताको पूर्ण प्रत्याभूति दिने कम्पनीले जनाएको छ।

# क्यानभासमा कालिका

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असार



अघिल्तिर सतिसालझैँ उभिएको कालिका भगवती मन्दिर। मन्दिरको चौघेरोमा बसेर कुची र रङसँग खेलिरहेका कलाकार।आफैँमा चित्रमय कालिका मन्दिर क्यानभासमा जीवन्त रूपमा पोतिँदै थियो। सोह्रौँ शताब्दीताकाको मन्दिर कलामा प्रतिविम्बित भइरहेको थियो । बागलुङस्थित कालिका मन्दिर शनिबार कलामय बन्यो । 'मनसुन स्थलगत चित्रकला कार्यशाला'मा अग्रजदेखि अनुजसम्मका कलाकार एकैथलोमा जुटे।

सम्पदा चिनाउनुका साथै कलालाई सर्वसाधारणसँग जोड्न मन्दिरमा स्थलगत दृश्य चित्रकला कार्यशाला गरिएको थियो । कार्यशालामा सहभागी कलाकारले चित्र मात्र उतारेनन्, कलाकर्मका अनुभव र सिकाइसमेत साटासाट गरे । चित्रकलाका आयामबारे मन्थन गरे। कालिका भगवती गुठी व्यवस्थापन समितिले आयोजना गरेको कार्यशालामा काठमाडौँ, पोखरा, म्याग्दी र बागलुङका गरी २९ जना कलाकार सहभागी थिए।

पोखराका कलाकार हरेराम जोजिजुले कार्यशालाले सम्पदा संरक्षणको सन्देश दिनुका साथै कलाको महत्व बढाएको बताउनुभयो । उहाँले खुला आकाश र परिवेशमा हुने यस्ता चित्रकला कार्यशालाले कलाकारको सिर्जनाशील दायरा थप फराकिलो हुने धारणा राख्नुभयो। "स्टुडियोमा मात्र बसेर कला सृजना गरिरहेको कलाकार प्रकृतिसँग जोडिन प्लेन एयर पेन्टिङको अवधारणा सुरु भएको हो", उहाँले भन्नुभयो, "यस्ता कार्यशालामा स्थलमै पुगेर दृश्यचित्र उतार्ने गरिन्छ।"

कार्यशालामा कालिका मन्दिरको प्रचारप्रसार र प्रवर्द्धन गर्ने उद्देश्यले यथार्थवादी शैलीमा चित्र कोरिएको उहाँले बताउनुभयो। कलाकारले एक्रेलिक र पानी रङका माध्यमबाट चित्र कोरेका थिए। कलाको जगेर्नासँगै कलाकारको व्यावसायिक सुरक्षामा यस्ता कार्यशालाले सघाउ पुर्याउने कलाकार रञ्जित कुँवरले बताउनुभयो । ललितकला विषयमा स्नातक चौथो वर्षमा अध्ययनरत कुँवर पानी रङमार्फत कालिका मन्दिरलाई क्यानभासमा उतार्नुभएको थियो । उहाँसँगै ललितकला विषयमा अध्ययनरत पाँच जना कलाकार कार्यशालामा सहभागी थिए । समाजलाई कलाको महत्व बुझाउन र नयाँ पिँढीलाई कला सिकाउन जरुरी रहेको कुँवरले बताउनुभयो।

शनिबारीय चित्रकला कार्यशाला अभियानका सचिव दिवेश प्रधानले कुनै बेला धनी र सम्भ्रान्त वर्गको मात्र पहुँचमा रहेको चित्रकला विस्तारै सर्वसाधारणसम्म आइपुगेको बताउनुभयो। शनिबारीय चित्रकला कार्यशालाई देशभर अभियानका रूपमा विस्तार गरिएको उहाँको भनाइ छ । "ऐतिहासिक सम्पदा, मठमन्दिरलगायत ठाउँमा पुगेर स्थलगत रूपमा चित्र कोर्ने, नयाँ पुस्तालाई चित्रकला सिकाउने गर्दै आएका छौँ", उहाँले भन्नुभयो, "कार्यशालामा कोरिएका चित्र सङ्ग्रह गरेर प्रदर्शनीमा राख्ने, बिक्री-वितरण गर्ने गरिएको छ।" अभियान सुरु भएपछि देशभरका कलाकार एकापसमा जोडिने र सहकार्य गर्ने वातावरण बनेको प्रधानले बताउनुभयो । कालिका मन्दिरले आफूसहित कार्यशालामा सहभागी कलाकारलाई सम्मोहित बनाएको उहाँले सुनाउनुभयो । मन्दिर परिसरको प्राकृतिक वातावरण, भौगोलिक अवस्थिति, ऐतिहासिक महिमा र सौन्दर्य कारण कालिका मन्दिरले आफूहरूलाई आकर्षित गरिरहेको प्रधानले बताउनुभयो । कालिका भगवती गुठीले पनि शनिबारीय चित्रकला कार्यशाला अभियान, बागलुङस्थित रन्तल आर्ट र मिलन ट्याटुसँग मिलेर कार्यशाला आयोजना गरेको हो।

बागलुङका अग्रज कलाकार एवं रन्तज आर्टका सञ्चालक मच्छिन्द्र शाक्यले कालिका भगवती मन्दिरलाई कलाका माध्यमबाट देशविदेशमा चिनाउन चित्रकला कार्यशालाको आयोजना गरिएको बताउनुभयो। कार्यशालाले कलाकारको सम्मानसहित नयाँ पुस्तालाई चित्रकलामा आकर्षित गर्न मद्दत पुगेको उहाँको भनाइ छ । बागलुङसहित सिङ्गो धवलागिरि क्षेत्र कलाको उर्वरा भूमि भएकाले यस क्षेत्रमा कला गतिविधि बढ्नु जरुरी रहेको शाक्यले बताउनुभयो। कला क्षेत्र उपेक्षामा परेको भन्दै उहाँले यसको संरक्षण र जगेर्ना गर्ने दायित्व राज्यले लिनुपर्ने बताउनुभयो।

पछिल्लो समय जिल्लास्तरमा पनि ललितकलाका गतिविधि छिटपुट रूपमा हुनुलाई सुखद् मान्नुपर्ने शाक्यले बताउनुभयो । राजधानी र ठूला सहरमा मात्र हुँदै आएका कला प्रवर्द्धनका कार्यक्रमलाई विकेन्द्रित गर्नुपर्ने आवाज पनि उठ्दै आएको छ । कार्यशालामा सहभागी कलाकारले कालिका मन्दिरसहित त्यहाँ रहेका सम्पदालाई क्यानभासमा उतारेका थिए । मन्दिर गुठीका अध्यक्ष भूपेन्द्र खड्काले चित्रकलाका माध्यमबाट ऐतिहासिक महत्व बोकेको कालिका मन्दिरको महिमा थप उजागर हुने विश्वास व्यक्त गर्नुभयो । "बागलुङलाई नयाँ तरिकाबाट चिनाउने प्रयास हो, कालिका मन्दिरको आफ्नै महिमा छ, यो कार्यशालाले देशविदेशमा यसको महत्व थप वृद्धि हुनेछ", उहाँले भन्नुभयो, "यसबाट कला र कलाकारको पनि सम्मान भएको हाम्रो बुझाई छ, कार्यशालामा सृजना गरिएका कला मन्दिरका अमूल्य सम्पत्तिका रुपमा रहनेछन्।"

# नवीकरण नगर्ने ४४ निर्माण कम्पनीको इजाजत खारेज

**रासस**
काठमाडौं, २७ असार

पूर्वाधार विकास मन्त्रालयले निर्माण व्यवसाय इजाजतपत्र नवीकरण नगर्ने ४४ फर्म तथा कम्पनीको इजाजतपत्र स्वतः खारेजी भएको जनाएको छ।

पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको निर्माण व्यवसाय प्रवर्द्धन शाखाले निर्माण व्यवसाय ऐन, २०५५ को दफा ५ को उपदफा (३) बमोजिम आर्थिक वर्ष २०८२/८३ का लागि २०८२ चैत मसान्तभित्र अनिवार्य रूपमा इजाजतपत्र नवीकरण गर्नुपर्ने व्यवस्था रहेकामा सो अवधिभित्र नवीकरण नगरेका ४४ वटा निर्माण व्यवसायीको इजाजतपत्र स्वतः खारेजी भएको सूचनामा उल्लेख गरिएको छ।

मन्त्रालयले सोही ऐनको दफा ७ को उपदफा ३ बमोजिम स्वतः खारेज भएको सूचनामा उल्लेख गरिएको छ। मन्त्रालयले सोही ऐनको दफा ७ (४) प्रयोजनाको लागि मन्त्रालयको सचिवस्तरको गत असार १७ गतेको निर्णयानुसार सूचना प्रकाशन गरेर जानकारी दिएको हो।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

## राष्ट्रिय ...

रहेको बताए । २१ वर्षको अवधीमा पहिलो पटक गण्डकी प्रदेशमा भेला आयोजना गर्न सकिएको जानकारी उनले दिए । उनले आफ्ना पिताको स्मरणमा गण्डकी प्रदेश स्तरीय पुरस्कार स्थापना गरेको घोषणा पनि गरेका थिए। मञ्चले संचालन गर्ने पुरस्कारको राशी २५ हजार रुपैयाँ रहने सो अवसरमा जानकारी दिइएको थियो । गण्डकी प्रदेशभरका उत्कृष्ट कर्मचारी, अभियन्ता, व्यवसायी, पत्रकार, लेखक मध्येबाट हरेक वर्ष एक जनालाई सो पुरस्कार प्रदान गरिने छ। कार्यक्रममा मञ्चका बाग्लुङ्ग जिल्ला अध्यक्ष शैलेन्द्र श्रेष्ठ, पर्वत जिल्ला अध्यक्ष सरिता भण्डारी, मञ्चका पूर्व केन्द्रीय सदस्य रामबहादुर केसीले मन्तव्य राखेका थिए। मञ्चको गण्डकी प्रदेश तदर्थ समितिका सचिव राजु अधिकारीले संचालन गरेको कार्यक्रममा गण्डकी प्रदेश तदर्थ समितिका उपाध्यक्ष रमेश पौडेलले स्वागत मन्तव्य व्यक्त गरेका थिए।

## नेपाल ...

सामाजिक अभियन्ता तथा सरोकारवालाहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

कार्यक्रममा शाखा लामो समय काम गरेको भन्दै शाखाका क्लिनिक सहायक सुरज चौधरीलाई दोसल्ला ओढाई सम्मान पत्रले सम्मान गरिएको थियो । कार्यक्रममा शाखाका वरिष्ठ शाखा प्रबन्धक नवराज तिवारीले आर्थिक वर्षभरि सञ्चालन भएका कार्यक्रम, संस्थागत गतिविधि, वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गररेका थिए।

शाखाका सभापति नविन सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा विशेषज्ञ सदस्य वीरेन्द्र बास्तोलाले स्वागत र कोषाध्यक्ष विष्णु प्रसाद दाहाल ' आभाष' ले कार्यक्रम सञ्चालन गरेका थिए।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसल्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावाडीमा गडबडी आदी
पुरुषहरुला : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गरिबी अपराधको जन्मदाता हो ।- मार्कस औररिलिअस्

## सम्पादकीय

# आत्मदाहले उब्जाएको राज्यप्रतिको निराशा

मुगुका गणेश नेपालीले त्रिपुरेश्वरस्थित राहदानी विभाग अगाडि शरीरमा पेट्रोल खन्याएर आत्मदाह गरे । बिहीबार महानगर प्रहरीले गणेशको मोटरसाइकलमा ह्वील लक गरेर ट्राफिकले चिट काटेपछि आफ्नै मोटर साइकलबाट पेट्रोल झिकेर आत्मदाह गरे । ६५ प्रतिशत शरीर जलेका उनलाई उपचारका लागि वीर अस्पताल लगिए पनि उपचार सम्भव भएन । शुक्रबार बिहान उनले मृत्युवरण गरे । केही वर्षदेखि काठमाडौं महानगरले लिएको नो पार्किङ र ट्राफिकको जरिवाना शैलीले चालक र राइडरहरु आजित भएका छन । तीन वर्षअघि संसद भवन अघिल्तिर इलामका प्रेम आचार्यले आत्मदाह गरेको घटनाबाट राज्यले कुनै पाठ सिकेन।अझ राज्य काम गर्ने वर्ग र गरिबप्रति अनुदार बन्दै आएको छ । गरिबहरुप्रतिको राज्यको गैरजिम्मेवार व्यबहारले गर्दा गणेशले आत्मदाह गरेर मृत्युवर्ण गर्न बाध्य बनाएको घटनाको कसडकदेखि संसद्सम्म आवाज घन्किएको छ। विपक्षीदेखि सत्तापक्षकै सांसदहरूले समेत गणेशको आत्मदाह एउटा सामान्य घटना नभएर राज्य र विकृत समाजको असन्तुष्टिको रुपमा लिएका छन । गृहमन्त्री सुधन गुरुङले संसद्मा दिएको जवाफ र देखाएको नाटकले प्रश्नचिह्न खडा गरेको छ ।

प्रहरीले अनुसन्धान शुरू गरिसकेको छ। सरकारले डीआईजी गोविन्द थपलियाको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेको छ । समितिको प्रतिवेदनमा केही ठोस कुरा बाहिर आउला । गणेशको घटना सेलाउन नपाउँदै सर्लाहीको गोडैता नगरपालिकामा विवेक मण्डलले आत्मदाह प्रयास गरेको सूचना आयो । मण्डललाई सेनाको हेलिकप्टरबाट काठमाडौं ल्याएरख कीर्तिपुरको बर्न अस्पतालमा आईसीयूमा राखेर उपचार भइरहेको छ । शनिबार बिहानै काठमाडौंको बुद्धनगरमा ४५ वर्षीय आश्विन राउत नाम गरेका व्यक्तिले घरभित्रै पेट्रोल छर्केर आत्मदाहको प्रयास गरे । उनको पनि मृत्यु भएको छ । नेपाली, मण्डल र राउतसँग जोडिएको आत्मदाह र आत्मदाह प्रयासका घटना आफैंमा संवेदनशील छन् । जिल्लागत विवरणमा रौतहटमा एक महिला र एक पुरुष, काठमाडौंका चार घटनामध्ये दुईमा महिला र दुई पुरुष, बाँके र रूपन्देहीमा एक/एक महिला, काभ्रेमा दुई महिला र दाङ र सर्लाहीमा एक/एक जना पुरुष आत्मदाह प्रयास गरेका छन् । चालु आर्थिक वर्षको असार २७ गतेसम्म मात्रै देशभर ११ जनाले आत्मदाह र आत्मदाह प्रयास गरेको तथ्याङ्क छ। प्रहरी प्रधान कार्यालयका अनुसार ती घटनामा संलग्नमध्ये आठ जनाको मृत्यु भइसकेको छ। तीन जना भने अहिले उपचाररत छन् । प्राप्त विवरणअनुसार रौतहट, बाँके, रूपन्देही, दाङ, काभ्रे र सर्लाहीमा आत्मदाहका घटना भएका छन् । सबैभन्दा धेरै चार वटा घटना काठमाडौंमा भएका छन् । तथ्याङ्कअनुसार ११ घटनामध्ये सात घटनामा महिलाले आत्मदाहको प्रयास गरेका छन् भने चार घटनामा पुरुष संलग्न रहेका छन् ।

विज्ञका अनुसार व्यक्तिले जानीजानी चाहेर आफ्नो प्राण त्याग्न चाहँदैन । तर, जीवनप्रति चरम निराशा आएपछि उ मानसिक स्वास्थ्य समस्याको वरिपरि रहन्छ र उसले लामो पीडा र निराशालाई 'कन्ट्रोल' गर्न नसकेपछि आत्मदाह वा आत्महत्या गर्न प्रेरित हुन्छ । मनोविद्का अनुसार झण्डै ८० देखि ८५ प्रतिशत आत्मदाह र आत्महत्या गर्ने मानिसमा मानसिक समस्या देखिन्छ । आत्मदाह वा आत्महत्याका पछाडि व्यक्तिको जैविक पक्ष वा आनुवांशिक, पारिवारिक, सामाजिक र व्यक्तिको मनोविज्ञानमा भर पर्छ । कुनै घटनाले व्यक्तिको मनोविज्ञानमा गहिरो असर गऱ्यो वा उसमा चरम निराशा गाड्यो भने त्यो व्यक्ति विस्तारै मानसिक समस्यामा पर्छ र उसले आफ्नो जीवन व्यर्थ देख्न थाल्छ अनि आत्महत्या गर्न उद्यत हुन्छ,। जब व्यक्तिले आफ्नो भविष्य अन्धकार देख्छ र उसलाई परिवारले समेत निकम्मा जस्ता तुच्छ शब्द प्रयोग गर्छन् तब त्यो व्यक्तिले एउटै सोचमा कालखण्डबाट गुज्रिएको हुन्छ र उसले आत्महत्या गर्छ ।

कुनै व्यक्ति आफ्नै शरीरमा आगो लगाउने निर्णयसम्म सामान्य घटनामात्रबाट पक्कै पुगेको हुँदैन । त्यो एउटा गहिरो व्यक्तिगत पीडा, निराशा र राज्यप्रतिको विश्वासको चरम विघटनको संकेत हो । यस्तो क्षणमा सुरक्षा निकाय, प्रशासन, उपस्थित नागरिक र राज्यका सबै संयन्त्रको पहिलो दायित्व कुनै पनि मूल्यमा मानवीय जीवनको रक्षा गर्नु हो । त्यसैले यस्ता घटनामा सुरक्षाकर्मीले देखाउने व्यवहारमा प्रक्रिया पालना गर्ने तत्परताभन्दा बढी मानवीय संवेदनशीलता आवश्यक हुन्छ । गणेश नेपालीको दुःखान्तमा यही संवेदनशीलताको अभाव देखिन्छ । घटनापछि सार्वजनिक दृश्य र विवरणहरूबाट असहज प्रश्नहरू उब्जेका छन् । पीडितको मृत्यु भइहाल्यो अब के भनियो कि त्यसको समग्र समीक्षा हुन्छानेपाली उखान 'बुढी मरि भनेर चिन्ता गर्ने होइन काल पल्क्यो भनेर चिन्ता गर्नु' भने झैं घटनापछिको सक्रियताको उद्देश्य दोषारोपणमात्र हुनु हुँदैन । भविष्यमा यस्ता घटना रोक्ने र कदाचित भएमा पीडितको जीवन बचाउने क्षमता विकास गर्नु हुनुपर्छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बढ्ने |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाव | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।


# व्यासलाई सांस्कृतिक राजधानी बनाइने

**पोखरापत्र संवाददाता**
तनहुँ, २७ असार

व्यास नगरपालिकाले व्यास नगरलाई भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राख्दै साहित्यिक तथा सांस्कृतिक राजधानीका रूपमा स्थापित गर्ने घोषणा गरेको छ ।

महर्षि वेदव्याससँग सम्बन्धित सांस्कृतिक सम्पदाको संरक्षण तथा प्रचारप्रसार गरी व्यास नगरको विशिष्ट पहिचानलाई सुदृढ बनाइने नीति रहेको नगरप्रमुख बैकुण्ठ न्यौपानेले बताउनुभयो ।

नगरका साहित्यकार, कलाकार, संस्कृतिकर्मीलाई सम्मान तथा लेखनका निम्ति प्रोत्साहन गर्नेलगायत क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने जानकारी दिँदै नगरप्रमुख न्यौपानेले लोकसंस्कृति, लोककला, लोकभाका, लोकगीत र लोकनृत्यको संरक्षणलाई पनि प्राथमिकतामा राखिएको बताउनुभयो ।

# पशुपालनमा जोड दिँदै तनहुँका दुई कार्यालय

**पोखरापत्र संवाददाता**
तनहुँ, २७ असार

व्यावसायिक पशुपालनलाई प्रोत्साहन गर्ने उद्देश्यले यहाँका दुई कार्यालयले घाँसका बीउ उत्पादन गरी निःशुल्क वितरण गर्दै आएका छन् । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र डिभिजन वन कार्यालयले किसानलाई घाँस केन्द्रित पशुपालनमा जोड दिन बिरुवा उत्पादन गरी वितरण गरेको हो ।

डिभिजन वन कार्यालयबाट ५० हजार र भेटेरिनरीबाट ४० हजार गरी विभिन्न प्रजातिका ९० हजार घाँसका बिरुवा उत्पादन गरिएको हो । पशु सेवा विज्ञ केन्द्रले पशुपालन व्यवसायमा लागत कमी गराउने र किसानलाई यसतर्फ आकर्षित गराउने उद्देश्यले राइखनियो, किम्बु, बडहर, निमारो, टाँकी, नेपियार, मोलाटोलगायत घाँसका बिरुवा उपलब्ध गराएको छ ।

दाना र चोकर नखुवाइकन पनि दूध र मासु उत्पादन वृद्धि गर्न सकिने हुँदा उन्नत जातका घाँसका बिरुवालाई प्राथमिकता दिइएको केन्द्रका वरिष्ठ मत्स्यविकास अधिकृत रविनसन अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार कार्यालयलको आन्तरिक स्रोतबाट बिरुवा उत्पादनलाई बर्सेनि निरन्तरता दिइएको छ । "उत्पादनमा आधारित अनुदान कार्यक्रमले पशुपालनतर्फ किसानको आकर्षण बढ्दै गएको छ", उहाँले भन्नुभयो, "किसानलाई अनुदानका साथै गोठ निर्माण, गोठ सुधार र प्रजनन बोका प्रदान गर्दै आएका छौं ।" त्यसैगरी डिभिजन वन कार्यालयबाट घाँसजन्य, काठजन्य र जडिबुटीजन्य बिरुवा उत्पादन पछि किसान र विभिन्न सङ्घसंस्थाको मागअनुरुप वितरण गरिएको वन अधिकृत राजकुमार श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, "उत्पादितमध्ये अधिकांश बिरुवा पशुपालन किसानलाई लक्षित गरेका छौं । हामीले पशुपालक किसानका लागि घाँसका बिरुवा उत्पादनमा प्राथमिकता दिएका हौं ।" बिरुवा उत्पादनका लागि प्रदेश सरकारबाट बजेट विनियोजनमा प्राथमिकता नदिइँदा गत वर्षका तुलनामा यस वर्ष कम बिरुवा उत्पादन गरिएको डिभिजन वन कार्यालयले जनाएको छ ।

# राष्ट्र बैंकद्वारा निष्क्रिय खाता कार्ययोजना बनाई न्यूनीकरण गर्न निर्देशन

**रासस**
काठमाडौं, २७ असार

नेपाल राष्ट्र बैंकअन्तर्गतको बैंक तथा वित्तीय संस्था नियमन विभागले बैंक तथा वित्तीय संस्थालाई आफूसँग रहेका निष्क्रिय खातालाई न्यून गर्ने सम्बन्धमा कार्ययोजना बनाएर २०८३ पुस मसान्तसम्ममा लागू गर्नुपर्ने निर्देशन दिएको छ ।

राष्ट्र बैंकले इजाजतपत्रप्राप्त 'क' वर्गका वाणिज्य बैंक, 'ख' वर्गका विकास बैंक र 'ग' वर्गका फाइनान्स कम्पनीहरुलाई शुक्रबार जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन तथा परिमार्जन गरेर निष्क्रिय खाता न्यूनीकरण गर्नेतर्फ आवश्यक काम अघि बढाउन निर्देशन दिएको हो । राष्ट्र बैंकले इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका सक्रिय खाता निष्क्रिय हुनुपूर्व फोन, एसएमएस र इमेललगायतका माध्यमबाट ग्राहकलाई नियमित रूपमा जानकारी गराउने व्यवस्था गर्न पनि निर्देशन दिएको छ ।

त्यस्तै गरी इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले निष्क्रिय खाता सक्रिय गराउनको लागि कम्तीमा छ महिना अवधिको अन्तरालमा फोन, एसएमएस र इमेललगायतका माध्यमबाट पनि सम्बन्धित ग्राहकलाई अनुरोध गरेर सोको अभिलेखसमेत राख्नुपर्ने व्यवस्था गरिएको छ ।

इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका खाताहरू सम्बन्धित संस्थाको नेपालभरका जुनसुकै शाखा कार्यालय वा मोबाइल वा वेब एप्लिकेसनमार्फत समेत ग्राहकले सहज रूपमा बन्द गर्नसक्ने व्यवस्था गर्नुपर्ने राष्ट्र बैंकद्वारा जारी एकीकृत निर्देशिकमा उल्लेख गरिएको छ ।

राष्ट्र बैंकले ग्राहकको उपस्थित भई वा मोबाइल वा वेब एप्लिकेसनमाफृत ग्राहकले खाता बन्द गर्न अनुरोध गरेको खण्डमा उक्त खातामा रहेको मौज्दात निजले अनुरोध गरेको अन्य बैंक तथा वित्तीय सस्थामा रहेको निजको खातामा रकमान्तर गरी खाता बन्द गरिदिनुपर्ने उल्लेख गरिएको छ। राष्ट्र बैंकले इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको नेपालभरका जुनसुकै शाखा कार्यालयबाट समेत ग्राहक पहिचान गरी सहजरुपमा खाता पुनः सक्रिय गर्नसक्ने व्यवस्था गर्न पनि स्पष्ट निर्देशन दिएको छ । राष्ट्र बैंकले इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका निष्कृय भई पुनः सञ्चालन भएका खातामा हुने अस्वभाविक कारोबारको निगरानी गर्ने प्रणालीको विकास गर्न पनि बैंक तथा वित्तीय संस्थालाई अनुरोध गरेको छ ।

# सारङ्गीको धुनसँगै पुख्यौंली पेसा जोगाउँदै यमबहादुर गन्धर्व

**रासस**
लमजुङ, २७ असार



ढाका टोपी, घाँटीमा स्कार्फ, काँधमा सारङ्गी र जीवनभरको सङ्घर्षको अनुभूति बोकेर ६३ वर्षीय यमबहादुर गन्धर्व हरेक दिन नयाँ गन्तव्यतर्फ लाग्नुहुन्छ । सारङ्गीको धुन र गीतमार्फत उहाँले आफ्नो जीवनयापन मात्र गरिरहनुभएको छैन, गन्धर्व समुदायको मौलिक कला, संस्कृति र पहिचानलाई निरन्तरता दिइरहनुभएको छ ।

लमजुङको सुन्दरबजार क्षेत्र नजिकै लमजुङ र तनहुँको सीमाक्षेत्रमा बसोबास गर्दै आउनुभएका यमबहादुरले विगत ३६ वर्षदेखि सारङ्गी बजाउने र गीत गाउने पेसालाई निरन्तरता दिँदै आउनुभएको छ । बुबा-बाजेको पालादेखि चल्दै आएको पुख्यौंली पेसालाई अँगालेर उहाँले आफ्नो जीवनयात्रा अघि बढाइ रहनुभएको हो । "पढाइ पनि धेरै गर्न सकिनँ, अरू काम पनि जानेको छैन । अब यही पेसाबाट जीवन चलिरहेको छ," यमबहादुरले भन्नुभयो, "हातगोडा चलुन्जेल यही काम गर्छु। आफ्नो कमाइ आफैँ गर्छु र आफ्नो खर्च आफैँ चलाउँछु ।" विगतमा गाउँ-बस्तीमा पुग्दा गन्धर्वका गीत सुन्ने र सहयोग गर्ने मानिस धेरै हुने गरेको अनुभव उहाँसँग छ । तर समय परिवर्तनसँगै मानिसको रुचि र व्यवहारमा आएको परिवर्तनका कारण अहिले पहिले जस्तो सहयोग पाउन कठिन हुँदै गएको यमबहादुरले बताउनुभयो । लमजुङका विभिन्न स्थानसँगै मनाङ, गोरखा, काठमाडौँ, पोखरा, चितवनलगायत क्षेत्रमा पुगेर उहाँले सारङ्गी बजाउँदै गीत गाउँदै आउनुभएको छ । बिहानैखि बेलुका अबेरसम्म विभिन्न ठाउँमा हिँडेर गन्धर्वले आफ्नो कला प्रस्तुत गर्नुहुन्छ । यमबहादुरको आम्दानी निश्चित छैन । गन्धर्वका अनुसार कसैले १०-२० रुपैयाँ सहयोग गर्नुहुन्छ भने कसैले ४०-५० रुपैयाँसम्म पनि दिने गर्नुहुन्छ । कतिपय अवस्थामा राम्रो व्यवहार पाए पनि कहिलेकाहीँ अपमानजनक शब्दसमेत सुन्नुपर्ने अवस्था आउने गरेको उहाँले बताउनुभयो । यही पेसाबाट परिवारको खर्च चलाउँदै आउनुभएका यमबहादुरले सामान्यतया महिनामा रु १५ हजारदेखि रु २० हजारसम्म आम्दानी हुने र कहिलेकाहीँ त्यसमा वृद्धि हुने गरेको बताउनुभयो। वर्षायाम भने उहाँका लागि थप कठिन समय हुने गरेको छ । असार-साउनमा पानी पर्ने, बाटो बिग्रने र लामो दूरी हिँड्न समस्या हुने भएकाले पेसामा असर पर्ने गरेको गन्धर्वको भनाइ छ । "पानी परेको बेला धेरै समस्या हुन्छ । हिँड्न गाह्रो हुन्छ । तर यही मेरो जीवनको आधार हो," उहाँले भन्नुभयो ।

यमबहादुरका लागि सारङ्गी केवल आम्दानीको माध्यम मात्र होइन, आफ्नो पहिचान र संस्कृतिसँग जोडिएको सम्पत्ति हो । गन्धर्व समुदायमा गीत-सङ्गीत र सारङ्गी बजाउने परम्परा पुस्तौँदेखि चल्दै आएको उहाँले बताउनुभयो । धार्मिक तथा सांस्कृतिक विश्वासअनुसार गन्धर्व समुदायलाई गीत-सङ्गीतको वरदान प्राप्त भएको र गीत गाउँदै, सारङ्गी बजाउँदै विभिन्न ठाउँमा पुग्ने परम्परा रहेको विश्वास रहेको गन्धर्वले बताउनुभयो । सारङ्गी बजाउनुका साथै गन्धर्वले समाज र देशमा भएका विभिन्न घटना, सामाजिक विषय तथा जनचेतनामूलक सन्देश समेटिएका गीतसमेत गाउँदै आउनुभएको छ । आफ्नो कलामार्फत समाजलाई सन्देश दिन पाउँदा खुसी लाग्ने उहाँले बताउनुभयो । तर पछिल्लो समय गन्धर्व समुदायको मौलिक कला, संस्कार र संस्कृति संरक्षणमा चुनौती थपिँदै गएकामा यमबहादुरको चिन्ता छ । नयाँ पुस्ताले यो पेसा अँगाल्न चासो नदेखाउँदा परम्परागत कला विस्तारै हराउने जोखिम बढेको गन्धर्वले बताउनुभयो । "अहिलेका सन्तान यो पेसामा आउन चाहँदैनन् । उनीहरू अरू कामतिर जान थालेका छन्," उहाँले भन्नुभयो, "यसले गर्दा हाम्रो कला र पहिचान हराउने चिन्ता छ ।" गन्धर्व समुदायको कला र संस्कृति संरक्षणका लागि सरकारी तथा सम्बन्धित निकायबाट पनि पहल आवश्यक छ । गन्धर्व समुदायलाई लक्षित गरी विभिन्न कार्यक्रम सञ्चालन गर्न सके नयाँ पुस्तालाई यो पेसाप्रति आकर्षित गर्न सकिने यमबहादुरले बताउनुभयो ।

सारङ्गी बजाउने, गीत गाउनेजस्ता परम्परागत सीप नयाँ पुस्तालाई सिकाउन तालिम सञ्चालन गर्न सके युवाले आफ्नो पुख्यौंली कला सिक्ने अवसर पाउने र यसलाई जीवनयापनसँग जोड्नसमेत सहयोग पुग्ने गन्धर्वको विश्वास छ । श्रीमती, छोराबुहारी, नातिनातिनासहित पारिवारिक जिम्मेवारी सम्हाल्दै आउनुभएका यमबहादुरले आफूले सक्ने समयसम्म यही पेसालाई निरन्तरता दिने बताउनुभयो ।

घाम, पानी र कठिनाइसँग सङ्घर्ष गर्दै काँधमा सारङ्गी बोकेर यात्रामा निस्कनुहुने यमबहादुरका लागि यो केवल जीविकोपार्जनको माध्यम होइन, पुर्खाले हस्तान्तरण गरेको अमूल्य सम्पदा हो । उहाँजस्ता कलाकारकै कारण गन्धर्व समुदायको मौलिक कला र संस्कृति अझै जीवित छ । तर यो पहिचान जोगाउन नयाँ पुस्तालाई जोड्ने र संरक्षणका कार्यक्रम अघि बढाउने आवश्यकता देखिएको छ ।

# सगरमाथा वृक्षरोपण अभियान: पर्वतमा दुई हजारभन्दा बढी बिरुवा रोपियो

**पोखरापत्र संवाददाता**
पर्वत, २७ असार

नेपालले सन् २०४५ सम्म कार्बन उत्सर्जन शून्यमा झार्ने प्रतिबद्धता गरेअनुरूप विसं २०८२ देखि विसं २१०२ सम्म हरेक वर्ष असार १४ देखि साउन १५ सम्म एकमहिने सगरमाथा वृक्षरोपण महाअभियान सञ्चालन गर्दै आएको छ । उक्त अभियानअन्तर्गत पर्वतमा दुई हजार ५०० बिरुवा रोपिएको हो ।

गत वर्षदेखि सुरु भएको उक्त अभियानअन्तर्गत डिभिजन वन कार्यालय पर्वतको सहयोगमाजिल्लाकाविभिन्नक्षेत्रमा जीवनोपयोगी बिरुवा रोपिएको हो । कुश्मा नगरपालिका-७ मा रहेको भड्खोरे सामुदायिक वन, वडा नं २ मा रहेको कालीगण्डकी छमर्केपातल सामुदायिक वन, जलजला गाउँपालिकामा रहेको एकसल्ले सामुदायिक वनमा वृक्षरोपण गरिएको हो ।

अभियानअन्तर्गत करिब दुई हजार ५०० बिरुवा रोपिएको डिभिजन वन कार्यालयले जनाएको छ । वन क्षेत्रमा फलफूलजन्य बिरुवा रोपी उपभोक्ताको आयआर्जनमा सुधार गर्दै वन्यजन्तु तथा कार्बन उत्सर्जनमा टेवा पुऱ्याउने उद्देश्यले यस वर्ष झण्डै दुई हजार ५०० बिरुवा रोपिएको कार्यालयका प्रमुख हेमलाल न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार आँप, कटहर, लिची, अम्बा, टिमुर, अमलालगायत पहाडी भेगमा रुख बनेर फल्ने फलफूल जातलाई सामदायिक वन, कबुलीयती वन र सार्वजनिक र खाली रहेको जमिनमा रोपण गरिएको हो। स्थानीय सामुदायिक वन उपभोक्ता समितिसँगको सहकार्यमा बिरुवा रोपिएको उहाँले बताउनुभयो । डिभिजन वन कार्यालयले निःशुल्क रूपमा उपलब्ध गराएका ती बिरुवाको रेखदेख र संरक्षणको जिम्मा भने उपभोक्ता समितिको रहने छ । यसबाट भएको आम्दानीसमेत उपभोक्ता समितिले नै लाभ लिनसक्ने भएका छन् । बिरुवा रोपनमा जिल्लास्थित सरकारी तथा सुरक्षा निकायले पनि सहजीकरण गरिरहेका वन कार्यालयले जनाएको छ। अहिले रोपिएका बिरुवाको उचित संरक्षण भएमा दुई वर्षभित्र आम्दानी हुन थाल्नेछ । यसले बाँदरसहित अन्य वन्यजन्तुको आतङ्क न्यूनीकरण गर्नुका साथै स्थानीयवासीको आयआर्जनमा सुधार गर्दै समग्र जलवायु परिवर्तको असरलाई न्यूनीकरण गर्ने डिभिजन वन कार्यालयका वनअधिकृत राजेश पोखेलले जानकारी दिनुभयो । विशेषगरी कार्बन उत्सर्जन न्यूनीकरण र जलवायु परिवर्तनको असरलाई अनुकूलनमा योगदान, हिमालय र त्यसको जलाधार क्षेत्रको संरक्षण, वातावरणीय पुनःस्थापना र जैविक विविधता प्रवर्द्धन, रोजगारी सिर्जना तथा स्थानीय समुदायको जीवनस्तर सुधार, भावीपुस्ताका लागि सुरक्षित, हरित र समृद्ध वातावरणको निर्माण गर्ने उद्देश्यले वृक्षरोपण अभियान थालिएको पोखेलले जानकारी दिनुभयो । यसबाहेक कार्यालयमार्फतघाँससहितविभिन्न प्रजातिका गरी करिब ३० हजार बिरुवासमेत वितरण गरिएको छ। घाँस, फलफूल, जडिबुटीलगायत बिरुवा कार्यालयले निःशुल्क रूपमा वितरण गरेको हो । यस्तै, भू तथा जलाधार व्यवस्थापन कार्यालयले पनि बाँस, निगालो, राईखन्यु, बडहरलगायत विभिन्न प्रजातिका २० हजारभन्दा बढी बिरुवा वितरण गरिएको जनाइएको छ ।

